खार्पुनाथ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

याङ्चुबजार, हुम्ला

कर्णली प्रदेश, नेपाल

## कर्मचारी करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशन मिति: २०७७।०४।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं २०७७।०७८ च.नं. २३ को मिति २०७७।०४।१२ को पत्र अनुसार यस खार्पुनाथ गाउँपालिकामा अन्तर्गत रोजगार सेवा केन्द्र र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २( NCCSP2) का लागि आवश्यक तपशिलका पदहरु करारमा पदपुर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | ०१।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह | १ | प्रधानमन्त्रि रोजगार कार्यक्रम |
| २ | ०२।०७७।०७८ | रोजगार संयोजक | स्थानीय सेवाको पाँचौ तह | १ | प्रधानमन्त्रि रोजगार कार्यक्रम |
| ३ | ०३।०७७।०७८ | सामाजिक परिचालक | स्थानीय सेवाको पाँचौ तह | १ | नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम (NCCSP 2) |

**१. प्राविधिक सहायकको लागि**

क सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्रतह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

ख. अनुभव र सिप: प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा तीन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाका लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सिप सहित कम्तीमा ६ महिनाको कार्य अनुभव भएको

**२ रोजगार संयोजगको लागी**

क माध्यमीक शिक्षामा प्रविणता प्रमाणपत्र तह वा १०+२ पास भएको

ख **अनुभव र सिप-:** रोजगार संयोजगमा देहाय अनुभव र सिप आवश्यक पर्नेछ ।

- कम्तिमा तिन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- समाजिक क्षेत्रमा कम्तिमा ६ महिना काम गरेको कार्य अनुभव भएको

**३ सामाजिक परिचालकको लागी**

क माध्यमीक शिक्षामा प्रविणता प्रमाण पत्र तह वा १०+२ पास भएको

ख **अनुभव र सिप:-** सामाजिक परिचालकमामा देहाय अनुभव र सिप आवश्यक पर्नेछ ।

- कम्तिमा तिन महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- सामाजिक परिचालकको हकमा जलवायु परिवर्तन अनुकुलन तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको ।
- उमेर १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको ।

४ **दरखास्त दिने स्थान-:** खार्पुनाथ गाउापालका याङचुवजार, हुम्ला

५ **दरखास्त दिने अन्तिम मिति:-** २०७७।५।१६ (कार्यालय समय भित्र) अन्तिम दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट ।

६ **छनौटको किसिम:-** प्रारम्भिक योग्यताको सुचि प्रकाशन र लिखित तथा मौखिक परिक्षा

७ **आवेदन दस्तुर:** रु ६००।

८ **आवेदनसाथ संलग्न कागजपत्र:-**आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजपत्रको प्रतिलिपी

- नेपाली नागरिकता
- न्युनतम शैक्षिक योग्यताको लव्धांक प्रमाण पत्र र चारित्रिक प्रमाण पत्र
- अनुभव खुलेको प्रमाण पत्र पासपोर्ट साईजको फोटो २ प्रति
- आवश्यक वैयक्तिक बिवरण (CV) सामाजिक परिचालक पदको लागी

८ **सेवा सुविधा:-** गाउँपालिकामा पदपुर्ति सम्वन्धिको प्रकृया तथा मापदण्ड बमोजिम हुने छ ।

९ **पदले सम्पादन गर्नु पर्ने कार्यविवरण:-** गाउँपालिकाले दिएको कार्यविवरण बमोजिम हुने छ ।

**नोट:** प्रारम्भिक योग्यताक्रमको सुचिमा छनौट भएका उम्मेदारहरुलाई मात्र लिखित परिक्षामा समावेश गरिने छ ।

छनौट प्रकृयासँग सम्बन्धित थप जानकारीको लागि गाँउपालिकाको वेभसाइट :www.kharpunathmun.gov.np बाट हेर्न सकिनेछ ।

*सामाजकि परिचालकको हकमा महिला, दलित, आदिबासी जनजातीलाई छनौट प्रक्रियामा बिशेष प्राथमिकता दिईनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत

छनौट तथा पदपुर्ति समिति अध्यक्ष